स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



प्रदीप खड्का स्टारर नेपाली साइन्स-फिक्सन ड्रामा फिल्म 'एक्लो' को टिजर युट्युबमा सार्वजनिक भएको छ। टिजरले फिल्मको कथावस्तु, चरित्र चित्रण, मनोविज्ञान र थिमबारे संक्षिप्तरुपमा प्रकाश पार्छ। यो फिल्म यसवर्षको कान्स मार्केटमा छनोट भैसकेको छ। नेपाल र बेलायतबीचको संयुक्त सहकार्य रहेको फिल्मले खतरनाक भाइरसले सन् २०३० सम्म मानिसले पृथ्वी ग्रह छाड्ने भविष्यको एक काल्पनिक कथा भन्छ।

**आजको विचार...**



यसरी...
*(दुई पेजमा)*

दुर्गा प्रसाद अर्याल



१२ मंसिरदेखि प्रदर्शन तयारीमा रहेको फिल्म 'हर्ष' ले पोस्टरमार्फत फिल्मको झलक सार्वजनिक गरेको छ। पोस्टरमा फिल्मका ३ कलाकार खगेन्द्र लामिछाने, वर्षा राउत र साइमन वादीले निर्वाह गरेका पात्रलाई प्रस्तुत गरिएको छ। पोस्टरले यो फिल्म पारिवारिक कथामा निर्माण जनाउँछ। खगेन्द्र र वर्षा छोरासँग खुसी भावमा प्रस्तुत छन्। जसले सन्तानप्रति अभिभावकको लगाव झल्काउँछ।

❒ वर्ष ३१ अंक ९५ ❒ २०८२ कात्तिक १६ गते आइतबार 2 November 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### मन्दिरमा भएको भागदौडमा ९ को मृत्यु

(रासस/एएफपी)

**मुम्बई,** कात्तिक १४/दक्षिणी भारतको आन् प्रदेशको कासिबुग्गाको वेंकटेश्वर मन्दिरमा शनिबार भागदौड मच्चिदा कम्तीमा नौ जनाको मृत्यु भएको आन्ध्र प्रदेशका गभर्नरले बताएका छन् । उनले मन्दिरमा भक्तहरूको भीडभाडको बीचमा भगदौड हुदाँ नौ जना तीर्थयात्रीको मृत्यु भएकोमा गहिरो दुःख व्यक्त गरेका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीले भाग दौडमा आफ्ना प्रियजनहरू गुमाउनेहरू प्रति समवेदना व्यक्त गर्दै घाइतेहरू सिग्र स्वास्थ्यलाभको लागि प्रार्थना गरेको बताएका छन् । यस अघि सेप्टेम्बरमा, तमिलनाडु राज्यमा लोकप्रिय अभिनेता-राजनीतिज्ञ विजयको चुनावी र्यालीमा भागदौड भएपछि कम्तीमा ३६ जनाको मृत्यु भएको थियो । यसै गरी जुन कहिनामा, ओडिसा राज्यमा भागदौड हुदाँ कम्तिमा तीन जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको जनाइएको छ । अघिल्लो महिना, गोवामा धार्मिक अनुष्ठानका लागि भला भएका हजारौ भत्तहरुको बिचमा भागदौड मच्चिदा छ जनाको मृत्यु भएको थियो भने जनवरीमा, उत्तरी सहर प्रयागराजको हिन्दू मेगा पर्व कुम्भ मेलामा कम्तीमा ३० जनाको मृत्यु भएको थियो ।




**पाल्पाको तानसेनमा आयोजित जेन-जीको राष्ट्रिय सम्मेलनमा एकताको सन्देश दिँदै जेनजी प्रतिनिधिहरु । शनिबार जेनजी पाल्पाको आयोजनामा राष्ट्रिय सम्मेलन भएको हो । एकता, सुशासन र भ्रष्टाचार अन्त्यको सन्देश दिने गरी जेनजी बडापत्र सार्वजनिक गर्दै सम्मेलन सकिएको छ ।**

*-तस्वीर : रामचन्द्र रायमाझी/एनजेडी*

## निमोनियाबाट बचौं र बचाऔं।

निमोनिया संक्रमणका लक्षणहरु:
-ज्वरो आउने, खोकी लाग्ने,
-स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
-स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
-शरीर निलो हुने जस्ता लक्षण देखा पर्न सक्छन् ।

बालबालिकालाई निमोनियाबाट बचाउन:
-नियमित रुपमा लगाईने खोपहरु लगाऔं,
-आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं,
-धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
-सरसफाईमा उचित ध्यान दिऔं ।
-संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## बेमौसमी वर्षाले धानमा क्षति, किसान चिन्तित

**देवदह (रुपन्देही),** कात्तिक १५/सम्मरीमाई गाउँपालिका-६ स्थित अवधपुरका किसान सङ्गाम केवट धान भित्र्याउने र नयाँ बाली रोप्ने बेलामा भएको बेमौसमी वर्षाले धानबालीमा क्षति पुर्‍याएपछि चिन्तित भएका छन् ।

केवटले भने, "बाली स्याहार्ने समयमा वर्षा भएपछि ठूलो क्षति भएको छ, वर्षाले धान मात्रै होइन हाम्रो मेहनत पनि बगाएको छ ।" उनले घाम नलाग्दा करिब २५ प्रतिशत धानमा टुसा उम्रिने र कुहिने अवस्था पुगेको बताए । "मेसिन चलाउने अवस्था छैन, खेत पूरै हिलाम्य भएको छ । हसियाँले धान काट्दा खर्च दोब्बर भइरहेको छ", उनले भने । धान भित्र्याउने र नयाँ बाली रोप्ने समयमा परेको बेमौसमी वर्षाले रुपन्देहीको मर्चवार क्षेत्रका किसान चिन्तित भएका छन् । वर्षाले धानबालीमा क्षति पुर्‍याएपछि उनीहरु झनै चिन्तित भएका हुन् । किसान रामप्रसाद चौधरीले धान भित्र्याउने र त्यसपछि गहुँ रोप्ने तयारीमा रहे पनि तत्काल सम्भव नदेखिएको बताए । उनले भने, "माटोमा पानी जति रह्यो, बीउ राख्न पनि ढिला हुन्छ । बैमौसमी वर्षाले हामी किसानले गरेको मेहनतमाथि खेलवाड नै भएको जस्तो लाग्छ ।" लामो समयदेखि हसियाँले धान काटेर भित्र्याउने किसान अब भने नयाँ प्रविधिको प्रयोग गर्न थालेका छन् ।



कम समयमा धेरै धान काट्न सकिने हुनाले उनीहरुले कम्बाईन हार्भेष्टरको प्रयोग गर्दै आइरहेका छन् । तर, खेत भिजेका कारण कम्बाइन मेसिन चलाउन नसकिएको र हसियाँले नै धान काट्नुपर्ने बाध्यता आएको किसानको गुनासो छ । मजदुर अभाव हुनुकै साथै लागत पनि बढेको उनीहरुको भनाइ छ । "हामी किसानका लागि खेती केवल पेसा होइन, हाम्रो जीवन हो । तर, हरेक वर्ष सिँचाइको पर्याप्त सुविधा नभएका कारण आकाशे पानीको भरोसा गर्नुपर्ने बाध्यता पनि छ", किसान मिथिलादेवी केवटले गुनासो गरिन् । त्यसै गरी नयाँ सिजनको तयारीस्वरूप रोपिएका तरकारीका बिउ पनि पानीमा डुबेर बिग्रिने खतरा देखिएको छ । किसानले करिब २५ प्रतिशतसम्म क्षति हुने अनुमान गरेका छन् । कोटहीमाई गाउँपालिकाका सहायक कृषि विकास अधिकृत गिरिजा पाण्डेयका अनुसार कम चिस्यान भएका खेतका लागि यो वर्षा केही हदसम्म फाइदाजनक भए पनि काट्ने अन्तिम चरणमा रहेका धानबालीमा आंशिक क्षति पुगेको पुष्टी भएको छ । उनले भने, "धान भित्र्याउने किसानलाई नोक्सान पुगेको छ । तर, गहुँ र सागसब्जीका लागि केही लाभ पुग्छ ।" किसानका लागि अहिले राहतभन्दा बढी चिन्ता छाएको छ । हरेक वर्ष बेमौसमी वर्षा, धान रोप्ने बेला मलको अभाव र उत्पादनको उचित बजार मूल्य नपाउँदा किसानमा चिन्ता बढेको छ । कृषिप्रधान देशमा कृषि क्षेत्रको विकासका लागि तीनै तहको सरकारले ध्यान दिनुपर्ने कोटहीमाई गाउँपालिका-१ का फदयराम गुप्ताले बताए । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## नर्सहरूको संघर्ष कहिलेसम्म ?

**काम नै ठप्प पारेर नर्सहरु आन्दोलनमा उत्रिएका छन् । नर्सहरुको यो आन्दोलन एकाएक उत्पन्न घटना हैन । वर्षौंदेखि निजी अस्पतालहरूमा कार्यरत नर्सहरू न्यून तलब, अतिरिक्त कामको भुक्तानी नपाउने र पेसागत सम्मान नपाउने समस्याबाट गुज्रिँदै आएका छन् । रातदिन सेवामा खटिने नर्सहरु अस्पतालमा पुगेका बिरामीका लागि भरोसाका केन्द्र हुन् । बिरामीको हेरचाहमा उनीहरुको महत्वपूर्ण भूमिका रहेको छ । औषधि खुवाउने, सुई खोप्ने, बिरामीका हरेक गुनासो सुन्नेदेखि सबै काम नर्सले गर्छन् तर नेपालमा तिनै नर्स विभिन्न बहानामा पीडित हुँदै आएका छन् । जसका कारण उनीहरु पटक -पटक आन्दोलित हुँदै आएका छन् । नर्सहरुको पहिलो सर्त र स्वभाव भनेको बिरामीको सेवा हो । उनीहरु हरबखत बिरामीको मलिन अनुहारमा खुसी ल्याउन प्रयासरत रहन्छन् । बिरामीको अनुहारमा देखिने खुसीले उनीहरु प्रफुल्ल हुन्छन् । तर न्यून पारिश्रमिकमा काम गर्नु उनीहरुका लागि ठूलो पीडा हो ।**

**आन्दोलनरत नर्सहरूले सरकारीसरह पारिश्रमिक र सेवासुविधा माग गरेका छन् । यो नयाँ माग होइन । सरकारले अस्वीकार गरेको माग पनि होइन । किनकि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २७ मंसिर २०८१ मै सबै निजी अस्पताल, प्रतिष्ठान, मेडिकल कलेज, सामुदायिक अस्पताललाई नेपाल सरकारको सरह न्यूनतम पारिश्रमिक र सेवासुविधा नघट्ने गरी लागू गर्ने लगायतका विषयमा परिपत्र गरेको थियो । जसअनुसार, नर्सहरूले न्यूनतम पारिश्रमिक नै ३४ हजार ७३ सय रुपैयाँ पाउनुपर्ने हो । तर, निजी अस्पतालमा कार्यरत कैयौं नर्सहरू अझै पनि १० हजार, १५ हजार वा २० हजार तलबमा काम गर्न बाध्य छन् । सरकारको परिपत्र त उल्लंघन भएकै छ नै, श्रम ऐन, २०७४ अनुसार नेपालमा कायम न्यूनतम ज्याला १९ हजार ५५० समेत पाउनबाट वञ्चित भएको देखिन्छ । त्यसैले सरकारले आफ्नै परिपत्र र कानुन कार्यान्वयनका लागि विशेष पहलकदमी लिन आवश्यक छ । नर्सहरूको आन्दोलन नेपालमा नयाँ विषय होइन । उनीहरूका माग पनि नयाँ होइन । तर व्यावहारिक सहमति र त्यसको कार्यान्वयन हुन सकेको छैन । जसले गर्दा नर्सहरूको निरन्तर संघर्ष जारी छ । यो कहिले सम्म हो भन्ने कुरा आम रुपमा उठ्न थालेको छ । पटक पटक गठन हुने सरकारले यस विषयमा चासो देखाए पनि व्यवहारिक कार्यान्वयन भने हुन सकेको छैन । यो अत्यन्त दुखको कुरा हो । नर्सहरु सधैभरी आन्दोलित हुँदै जाँदा स्वास्थ्य क्षेत्र थप जटिलता र असमझदारीमा फस्ने निश्चित छ । तसर्थ यथाशक्य छिटो नर्सका मागहरु सम्बोधन गरी कार्यान्वयनमा लैजान अपरिहार्य छ ।**

### Opinion @ Social Network

अरु को था छैन तर मलाई आँखा अगाडि देखिने
हजारौ मानिस भन्दा ती नदेखिने भगवान को नै भरोसा लाग्छ ।

*(योयो भण्डारीको **फेसबुक स्टाटसबाट** www.facebook.com/Emezeen Yoyo Bhandari)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यसरी सोचौं देशलाई आत्मनिर्भर बनाउन




*पछिल्लो समय हामी सरकारले गरेन भनेर दोष दिन र आलोचना गर्न प्रतिस्पर्धी जस्तै देखिन्छौ तर आफ्नो दैनिक कार्यशैली ,देखासिकी र व्यवहारमा सुधारमा खासै ध्यान दिएको देखिदैन् । ऋण खोजेर घ्यू खाउँ भन्ने नेपाली उखानलाई चरित्रार्थ गर्दै परनिर्भरतालाई बढाउने गरि देखासिकी र नक्कललाई दैनिक जीवनमा अवलम्वन र अभ्यास गरेको देखिन्छ ।*

अथाहा स्रोत साधन प्रयोगमा बेखवर हुँदै आर्थिक समृद्धि र विकासको सपना बाडेको दशकौं अवधिहरु बेथित हुँदै गएको छ । आर्थिक रुपमा देश बलियो हुनुको सट्टा कमजोर बनाउने वैदेशिक ऋण अनुदानको अंश दिनप्रति दिन बढ्दै गएको छ । राजनीतिक अस्थिरता र पटक-पटकका व्यवस्था परिवर्तन र सरकार परिवर्तनका श्रृखलाहरुले देश बाह्यरुपमा पनि कमजोर बन्दै गएको अनुमान लगाउन सकिन्छ । पछिल्लो राज्यको संरचनाले देश आर्थिक रुपमा झनै कमजोर हुँदै गएको देखिन्छ र केन्द्र सरकारले दिने बजेटकै भरमा प्रदेश सञ्चालनको औचित्य माथि पनि प्रश्न उत्पन्न हुँदै गएको छ । तीन तहका सरकारहरु कर र शुल्क बाहेकका आन्तरिक आम्दानीको खोजिमा वेखवर जस्तै देखिन्छन् तर सार्वजनिक खर्च भने बढाउँदै लगेको देखिन्छ । विकास भनेको भ्यूटावर ,सडक र भवन मात्रै देख्ने राजनीतिक नेतृत्वले रोजगारी सिर्जना ,औद्योगिकरण ,प्राकृतिक स्रोत साधनको प्रयोगमा खासै ध्यान दिन सकेको देखिदैन । आयातको अंश दिनप्रतिदिन बढ्दै गएको छ भने निर्यातमा सुधार गर्न सकिएको देखिदैन । रेमिटान्स बाहेक वैदेशिक मुद्रा आर्जनको गतिलो स्रोत व्यापारलाई बनाउन सकिएको छैन । बलियो र आत्मनिर्भर अर्थतन्त्र विना बलियो देश ,समृद्ध देश निर्माण कल्पनामा सिमित हुने देखिन्छ । अब आत्मनिर्भताका लागि फरक तरिकाले सोच्न जरुरी छ । समयले यहि मागेको छ । यसै सँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**आत्मनिर्भर देशका लागि सोच्नुपर्ने पक्षहरु :**

**१) जनताको प्रवृत्तीमा सुधार आवश्यक**

पछिल्लो समय हामी सरकारले गरेन भनेर दोष दिन र आलोचना गर्न प्रतिस्पर्धी जस्तै देखिन्छौ तर आफ्नो दैनिक कार्यशैली ,देखासिकी र व्यवहारमा सुधारमा खासै ध्यान दिएको देखिदैन् । ऋण खोजेर घ्यू खाउँ भन्ने नेपाली उखानलाई चरित्रार्थ गर्दै परनिर्भरतालाई बढाउने गरि देखासिकी र नक्कललाई दैनिक जीवनमा अवलम्वन र अभ्यास गरेको देखिन्छ । यसले आय भन्दा बढी व्यय बढाउदै लगेको छ भने आफ्नो आर्थिक हैसियत ,सामाजिक परिवेश भन्दा माथि उठेर गरिने यस्ता देखासिकीले देशलाई परिनिर्भतामा धकेलिदिएको छ । हिजो बेचेर आर्थिक पक्ष सुधार गर्ने ,रमाउने हामी आज किनेर उपभोग गर्दा गर्व महशुस गर्न थालेका छौं । आम्दानी खर्च हिसाव किताव नै नगरि आधुनिकतामा रमाउन थालेका छौं । फजुल र अनावश्यक खर्चको दरलाई बढाउदै लगेका छौं । वर्तमानको मात्रै चिन्ता गरिरहेका छौ भविष्यको चिन्ता गर्न छोडि सकेका छौ । आमनागरिकमा बढ्दै गएको गलत प्रवृतिमा सुधार गर्दै व्यक्ति ,परिवार आ-आफ्नो स्थानबाट आत्मनिर्भरको खोजि गर्न सकेमा देशलाई आत्मनिर्भर तर्फ लैजान सकिने देखिन्छ ।

**२) कर्मचारीतन्त्रमा सुधार आवश्यक**

स्थायी सरकार मानिने कर्मचारीतन्त्र पनि देश विकासको बाधकको रुपमा रहेको देखिन्छ । झन्झटिला कागजी प्रक्रियामा रमाउने ,भ्रष्टाचारलाई प्रोत्साहन गर्ने ,घूस ,कमिशन ,नातावाद ,फाईल ढिलो गराउने,यथास्थितीमा रमाउने,बाहानाबाजी गर्ने कर्मचारीतन्त्र पनि आत्मनिर्भताको बाधक बनेको छ । बढुवा र नियुक्तीका लागि राजनीतिक नेतृत्वको अघिपछि लाग्ने कर्मचारीतन्त्रले आत्मनिर्भताका लागि उपयुक्त योजना बनाउन तर्फ ध्यान दिन, सरकार र राजनीतिक नेतृत्वलाई उपयुक्त सल्लाह र सुझाव दिन सकेको देखिदैन । स्थायी सरकार मानिने कर्मचारीतन्त्रले आफुलाई समय अनुसार परिवर्तन गर्न नसक्दा देशले आत्मनिर्भरताको बाटो लिन नसकेको हो भन्दा फरक पर्दैन् । कर्मचारितन्त्रको दरबन्धी ,संख्या ,संरचनामा आमुल सुधार देश आत्मनिर्भताको एक आधार बन्ने देखिन्छ ।

**३) राज्यको संरचनामा सुधार आवश्यक**

संघीयताको नाममा गरिएको राज्यको नयाँ सरचना आत्मनिर्भताका लागि सुधार आवश्यक देखिन्छ । यसले राज्यको सार्वजनिक खर्चमा ठूलो वृद्धि हुँदै गएको छ भने राज्यको वैदेशिक ऋणको अंशमा पनि वृद्धि हुँदै गएको देखिन्छ । केन्द्रको अनुदानकै भरमा सञ्चालन भएका प्रदेश र स्थानीय तहहरुले आन्तरिक आम्दानीको स्रोतको खोजिमा खासै ध्यान दिएको देखिदैन् भने खर्च भने बढाउदै लगेका कारण आर्थिक रुपमा देश यहि अवस्थामा माथि उढ्ने स्थिति कतै देखिदैन् । आत्मनिर्भताका लागि प्रदेश र स्थानीय तहमा सिर्जित आर्थिक वेथिती माथि अकुश लगाउने कानुन जरुरी देखिन्छ । यसका लागि प्रदेश र स्थानीय तहको संख्यामा पुर्नविचार गर्नु पर्ने देखिन्छ । यसबाट देशलाई आत्मनिर्भताको बाटोमा लान सकिने देखिन्छ ।

**४) औद्योगिकरण**

घरमा आगो लागे पछि खरानीको के को पिर भने झै वि.स. २०४६ पछि दिन प्रति दिन सार्वजनिक उद्योगहरु चरम राजनीतिक हस्तक्षेप र राजनीतिकरणका नाममा बन्द गर्दै नीजिकरण गर्दै लगेका कारण देशका लागि आवश्यक पर्ने आधारभूत र अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुको लागि आयात बढाउदै लानु पर्ने स्थिती सिर्जना हुँदै गएको छ । अहिले पनि हाम्रो व्यापार घाटा भारतसँग मात्रै करीब ८० प्रतिशत बढी देखिन्छ । यसले हाम्रो आत्मनिर्भरता माथि समस्या सिर्जना गरिदिएको छ । यसका लागि औद्योगिक क्रान्ति र दशकको घोषणा गरि पहिचान र आवश्यकताका आधारमा औद्योगिकरणका लागि वातावरण तयार गर्न सरकार ,नीजि क्षेत्र लाग्नु पर्ने देखिन्छ । यसबाट आत्मनिर्भरताको बाटोमा देशलाई हिडाल्न सकिने देखिन्छ ।

**५) सार्वजनिक खर्चमा कटौती/ मितव्ययिता अपनाउने**

घर सञ्चालन गर्दा हिसाव किताव गर्ने देश सञ्चालकहरुमा देश सञ्चालन गर्दा आयव्ययको ख्यालै नगर्ने प्रवृत्ति देखिन्छ । देश सञ्चालकहरु देशप्रतिको उत्तरदायित्व ,जिम्मेवारीता र कर्तव्यबाट टाढिदै राजनीतिक सहमतिको नाममा सार्वजनिक खर्च बढाउदै लगेका कारण देशमा आर्थिक संकट र परनिर्भता बढ्दै गएको देखिन्छ । यसका लागि केन्द्रदेखि स्थानीय तहसम्मका सासद ,मन्त्री ,जनप्रतिनिधिको संख्यामा कटौती , मन्त्रालय र सरकारी कार्यालय संमायोजन गर्ने ,राजनीतिलाई सेवामा रुपान्तरण गर्ने, बढ्दो सार्वजनिक खर्चमा कटौती तथा मितव्ययिता अपनाउन जरुरी देखिन्छ । यसो गरेमा देशलाई आत्मनिर्भता तिर लान सक्ने देखिन्छ ।

**६) कृषि क्षेत्रलाई वास्तविकरुपमा प्राथमिकतामा राख्ने**

नेपाल कृषि प्रधान देश हो । कृषि प्रधान देशकै रुपमा रहने छ भन्दा दुईमत नरहला । हिजो धान बेचेर खेत किन्ने हामी आज खेत बेचेर चामल किनिरहेका छौ तर उपाधि भने कृषि प्रधानकै लिइरहेका छौ । यस कुराले हामीलाई गिज्याईरहे जस्तो लाग्दछ । हिजो कृषिजन्य निर्यात गर्ने हामी आज भने दैनिक भान्सामा प्रयोग हुने हरीयो तरकारी पनि आयात मात्रै गरेको तथ्याक भेटिन्छ । यस प्रवृत्तिमा सुधार गरि समृद्धि र आत्मनिर्भताको सपना पुरा गर्न वास्तविक कृषिमा लगानी र वास्तविक कृषकमा निगरानी गर्नु पर्ने देखिन्छ । यसो भएमा आत्मनिर्भर देश बनाउने आधार तय गर्न सकिने देखिन्छ ।

**७) पर्यटन**

विश्वका कतिपय देशहरुले कृत्रिम स्रोत साधनको प्रचार प्रसाार गरि बर्षेनी लाखौ पर्यटक भित्र्याई वैदेशिक मुद्रा कमाइरहेको अवस्थामा हामीले प्रकृत्तिले दिएको अथाहा स्रोत साधनलाई माल पाएर चाल नपाएको जस्तै बेखवर छौं । अन्तराष्ट्रिय निर्यात व्यापारको अवस्था दयनिय रहेको नेपालको लागि पर्यटन क्षेत्र वैदेशिक मुद्रा प्राप्त गर्ने भरपर्दो स्रोतको रुपमा रहेको छ । यसका लागि उपयुक्त योजना ,कार्यक्रम तय गर्न सकेमा देशलाई आत्मनिर्भरता तर्फ अगाडि बढ्ाउन सकिने देखिन्छ ।

**८) उपयुक्त योजना/ बजेट निर्माण**

पछिल्लो समय बढ्दै गएको राजनीतिकरण र राजनीतिक हस्तक्षेपको कारण योजना तथा बजेट निमार्ण गर्ने क्रममा राजश्वको वास्तविक धरातल ,देशको आवश्यकता, लाभ लागत विश्लेषण विना योजना तथा बजेट बनाउने,असमानुपातिक बजेट बाडफाड गर्ने प्रवृत्ति बढ्दै गएका कारण आर्थिक व्ययभार र आर्थिक परनिर्भता बढ्दै गएको देखिन्छ । यस पक्षमा सुधार गरि वजेट तथा योजना निर्माण गर्न सकेमा देशलाई आर्थिक रुपमा आत्मनिर्भता तर्फ लैजान सकिने देखिन्छ ।

**९) प्राकृत्तिक स्रोत साधनको परिचालन**

प्राकृत्तिक विविधताको अनुपम उपहार हो नेपाल । यहाँ अथाहा स्रोत साधनले भरिपूर्ण छ । यसको अनुसन्धान ,अन्वेषण ,उत्खनन् र प्रयोगको उपयुक्त योजना बनाउन नसक्दा यी स्रोत साधनहरु मूल्यहिन ,महत्वहिन अवस्थामा रहेका छन् । देशका विभिन्न स्थानमा रहेका खनिज सम्पदा ,जल सम्पदा ,बन सम्पदाको परिचालन सम्बन्धी योजना बनाउन सकेमा देशलाई आर्थिक रुपमा आत्मनिर्भरता उन्मूख बनाउन सकिने देखिन्छ ।

**निष्कर्ष :**

अर्थतन्त्रका कुरा गर्ने , अर्थतन्त्रलाई राजनीतिक मुद्दा बनाउने , अर्थतन्त्रलाई सरकारको सफलताको आधार बनाउने तर यसमा सुधार गर्ने पर्ने पक्षमा भने खासै ध्यान नदिने विगतका सरकार , सरकारका अर्थमन्त्री र कर्मचारीका कार्यशैलीले परिनिर्भता बढाउदै लगेको हो । यसमा अछुतो जनता पनि देखिदैनन् । देशको आवश्यकता र औचित्य हेरेर विकास र प्रशासनिक योजनाहरु बनाऔं ,देशको संरचना अर्थतन्त्र र देशको भूगोल अनुशार बनाऔं । वैदेशिक ऋण र सहयोगमा देशको प्रशासन सञ्चालन गर्ने प्रवृत्तिको अन्त्य गरौं । अर्थतन्त्रलाई बलियो बनाउने क्षेत्रहरु खोजौ । खर्च मात्रै होइन आम्दानीका कुरा पनि गरौं । सोच बदलौं । यसो भएमा देशलाई आत्मनिर्भर तर्फ लान सकिने देखिन्छ । अब सम्बद्ध सबैले आ-आफ्नो स्थानबाट यसरी सोच्ने की ?

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : परिस्थितिलाई आफ्नो अनुकूल बनाउन सकिनेछ । ठूलाप्रति आत्मीयता बढ्नेछ। | **तुला** : सन्तानको प्रगतिले मन प्रसन्न र हनेछ। आयआर्जनका नयाँ स्रोतहरू बन्नेछन्। |
| **वृष** : समाजमा तारिफ योग्य कार्यको चर्चा हुनेछ । व्यवसायमा सहयोग मिल्नेछ। | **वृश्चिक** : स्वास्थ्यमा कमजोरीको अनुभूति हुनेछ। जमिनबाट लाभ आर्जन गर्न सकिनेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा नयाँ योजनाहरू प्रारम्भ हुने छ । आध्यात्मिकतिर मन जानेछ । | **धनु** : आँटेका कार्यमा सफलता मिल्नेछ। नयाँ कार्यको जग बसाउन सकिनेछ। |
| **कर्कट** : स्वास्थ्यलाई लिएर खानपिनमा सजग रहनुहोस्। शत्रुहरू सक्रिय रहनेछन्। | **मकर** : साहित्यको क्षेत्रमा सफलता मिल्नेछ। फजुल खर्चले आर्थिक पक्ष कमजोर रहनेछ। |
| **सिंह** : साझेदारी व्यापार बाट लाभ मिल्नेछ। नयाँ अवसरको लाभ उठाउन सकिनेछ। | **कुम्भ** : प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। |
| **कन्या** : प्रभावशालीकुरा राख्न नसकिएला। सवारी साधन चलाउँदा सावधान रहनुहोला। | **मिन** : नँया अवसरको लागि दौडधुप गर्नुपर्ला । अध्यात्मतर्फ झुकाव बढ्नेछ। |

# कृषि

## केरा बिक्री नहुँदा किसान मर्कामा



दाङ, राप्ती गाउँपालिका-७ सिसहनिया निवासी रणप्रसाद सुवेदीले व्यावसायिक रुपमा केराखेती गरेको सात वर्ष भयो । उमेरले ५४ वर्ष पुगेका सुवेदी यस वर्ष भने केरा बिक्रीमा समस्या हुँदा चिन्तित छन् । सुरुआतमा दुई बिघाबाट केराखेती सुरु गरेका उनले हाल भने ५४ बिघा क्षेत्रफलमा खेती गर्दै आएको बताए । केरा बिक्री नभएर बारीमै कुहिएर जाँदा यस वर्ष आम्दानी घटेको उनले बताए । बजारमा दर्जनलाई रु १२० बढी मूल्यमा बिक्री भइरहेको केरा व्यवसायीले भने रु २५ दर्जनमा दिँदासमेत नलगेको किसान सुवेदीले बताए । “यो साल केरा बिक्री नहुँदा कारोबार घरेको छ, केरा बिक्री नहुँदा बोटमा नै पाकेर खेर जाने अवस्था छ”, उनले भने । थोक व्यवसायीले सस्तोमा भारतबाट केरा भित्र्याउँदा स्थानीय उत्पादनले बजार नपाएको उनि बताउन्छन् । उनकाअनुसार तयार भएको केरा खेर जाने अवस्था भएको र बिक्रीका लागि व्यवसायी नआउँदा बारीमा जानसमेत मन नलाग्ने गरेको उनको भनाइ छ । उनले गएका वर्षहरुमा नियमित रुपमा ३५ जना स्थानीयलाई रोजगारी दिने गरेको भए पनि हाल भने तलब दिनसमेत समस्या हुँदा १५ जना मात्रै कामदार रहेको बताए । राप्ती केरा प्रवर्द्धन कृषक समूहका अध्यक्ष समेत रहनुभएका सुवेदीले अघिल्ला वर्षहरुमा रु सवा करोडसम्मको कारोबार गर्ने र जसबाट रु ३० लाखसम्म बचत गर्दै आएको भए पनि यस वर्ष भने घाटा व्यहोर्ने अवस्था सिर्जना भएको उनि बताउन्छन् । राप्ती केरा प्रवर्द्धन कृषक समूहमा राप्ती गाउँपालिका-७ भित्रका व्यावसायिक १८ जना केरा किसान आबद्ध छन् । यस वर्ष केरा बिक्रीमा समस्या हुँदा रु १० लाख कम आम्दानी हुने उनको आँकलन रहेको छ । हरितालिका तीजदेखि छठ पर्वसम्म फलफूल बढी नै बिक्री हुने गर्दछ । त्यसमा केरा अधिक बिक्री हुन्छ । चाडपर्व लच्छित गरेर उत्पादन भएको केराले बजार नपाएपछि उत्पादन भएको धेरै केरा बारीमै कुहिएर जान थालेको सोही ठाउँका अर्का किसान तीर्थ ज्ञवाली बताउन्छन् । उनले पनि व्यावसायिक रुपमा ५० कठ्ठामा केराखेती गर्दै आएका टन् । केरा बिक्रीमा समस्या भएपछि ‘डोर टू डोर सेलिङ’ गर्ने योजना रहेको उनले बताए । व्यापारीले नै लैजाने मूल्यमा स्थानीयलाई दिएर घरघरमा लगेर बिक्री गर्न दिने योजना उनले सुनाए । भारतीय बजारबाट दाङका बजारमा दिनहुँ सस्तो मूल्यमा केरा भित्रिएपछि यहाँ उत्पादन भएको केराले बजार पाउन नसकेको उनको भनाइ छ । उनि जस्तै सिसहनिया निवासी गायत्री चौधरीले केरा बिक्री नहुँदा समस्या भएको बताए । दुई बिघा जग्गामा गरेको केराखेतीबाट उत्पादित केरा बिक्री नहुँदा बारीमा कुहिन थालेको उनले बताए । केरा बिक्रीका लागि तयार भए पनि मूल्य नपाउँदा बिक्री गर्न नसकेको किसान चौधरीको भनाइ छ । उनले भने, “व्यापारीले दर्जनको रु २० मूल्य दिने गरेका छन्, त्यसरी दिँदा त लगानी नै उठ्दैन, कसरी बिक्री गर्नु ?” खेती गर्न सजिलो र राम्रो आम्दानी हुने भएकाले धान, तोरी, मसुरोखेती छाडेर केराखेतीमा लागे पनि भारतीय केराका कारण स्थानीय उत्पादनले ठाउँ नपाउँदा लाखौं रुपैयाँ डुब्ने जोखिम बढेको उनको भनाइ छ । मालभोग, हरिसाल, चिनी केरालगायत जातका केरा दाङको ६०० बिघा क्षेत्रफलमा खेती हुने गरेको छ । केराको जात हेरेर रु २५० देखि रु ५०० एउटा केराको बोटमा किसानको लगानी भएको हुन्छ । स्वदेशमा नै उत्पादन भएको केराको समर्थन मूल्य तोकेर बजारको ‘ग्यारेन्टी’ सरकारले गर्नुपर्ने माग केरा उत्पादक किसानको रहेको छ ।

*-इहिमालय टाइम्स डटकम*

## धानबालीमा वर्षाले क्षति गरेपछि कृषक चिन्तित



पाकेर थन्क्याउन लागिएको धानबालीमा वर्षाले क्षति गरेपछि आफूहरू भोकमरीमा पर्ने अवस्था आएको दित्केल रूपाकोट मझुवागढी नगरपालिका-६ नेर्पाका कृषक चेतनाथ आचार्यले बताए । “मैले यस वर्ष ३५ रोपनी खेतमा धानबाली लगाएको थिएँ । पाक्न लागेको अवस्थामा सबै ढलेर सोतर भएको छ”, उनले भने, “प्रमुख बालीको रूपमा लगाउँदै आएको धान सबै ढलेर सोतर भएपछि भोकमरीमा पर्ने निश्चित भएको छ । यसप्रति सरकारले ध्यान दिन जरुरी छ ।” कृषकले लगाएको धानबाली पाकेर पहेँलपुर भएपछि थन्क्याउन लागिएको अवस्थामा अविरल वर्षाले क्षति गरेको कृषि ज्ञान केन्द्र खोटाङका प्रमुख विशाल मोदीले जानकारी दिए । “यस वर्ष रोपाइँ गर्नका लागि समयमा वर्षा भएको थियो । समयमै रोपाइँ भएकाले उत्पादन पनि वृद्धि हुने अनमान गरिएको थियो । तर, केही दिनदेखि परेको अविरल वर्षाले ठूलो क्षति गरेको छ”, उनले भने, “क्षतिको विवरण जुटाउने काम भइरहेको छ । अहिले नै यति क्षति भयो भन्न सकिने अवस्था छैन ।” दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा नौं हजार ९८८ दशमलव ०३ हेक्टर जमिनमा धानखेती गर्ने गरिएको छ । विभिन्न प्रजातिका धान खेती हुँदै आएको जिल्लामा यस वर्ष २५ हजार ६४९ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्रले जानकारी दिएको थियो । तर, पाकेर थन्क्याउन लागिएको अवस्थामा लगातारको वर्षाले धानबालीमा ठूलो क्षति गरेपछि उत्पादनमा गिरावट आउने निश्चित भएको कृषकहरूले बताएका छन् । जिल्लाका अधिकांश कृषकले पाकेर पहेँलपुर भएको धानबाली थन्क्याउनका लागि ढालेर खेतमै सुकाएका थिए । वर्षभरि उपभोग गर्नका लागि थन्क्याउन ढालेर खेतको आँठामा सुकाइएको धानको पाँजा लगातारको वर्षाले डुबाएको कृषकहरूले जनाएका छन् । लगातारको वर्षाले धानबालीमा ठूलो क्षति गरे पनि गहुँ, फलफूल, सागसब्जीलगायतका हिउँदेबालीलाई केही राहत मिलेको कृषकहरूले बताएका छन् । यद्यपि, धानबाली जिल्लाको प्रमुख बाली भएकाले अविरल वर्षाका कारण धानबालीमा ठूलो क्षति हुँदा यस वर्ष जिल्लामा भोकमरी हुने निश्चित भएको बताइएको छ ।

*-रासस*


## दृष्टिविहीन इन्द्रप्रसादको आत्मनिर्भर जीवन



म्याग्दी, म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-५ लेकफाँटका इन्द्रप्रसाद सुवेदीले दुवै आँखा देख्दैनन् । आवाजको भरमा मान्छे चिन्छन् । हिँडेर घरदेखि टाढा जान सहयोगीको आवश्यकता पर्छ । शारिरीक रूपमा अशक्त भए पनि इन्द्रप्रसादले कृषि फार्म सञ्चालन गरेर सफल उद्यमीको पहिचान बनाएका छन् । कृषि फार्म सुरु गर्नुअघि इन्द्रप्रसादले रोजगारीका लागि १३ वर्ष कतार, साउदी र मलेसियामा श्रम र पसिना बगाए । विदेशमा सोचेजस्तो सफलता मिलेन । विदेशमा मेसिनरी उपकरणमा काम गर्ने क्रममा आँखाको दृष्टि गुम्यो । आँखामा समस्या देखिएपछि स्वदेश फर्किएका इन्द्रप्रसादले १० वर्षअघि कृषि फार्म स्थापना गर्ने योजना सुनाउँदा धेरैले विश्वास गरेनन् । “विदेशबाट फर्केर आएपछि मेरा आँखा बिग्रिए पनि हिम्मत हारिन”, उनले भने, “खेतालाहरूलाई आइडिया दिएर काम गराइरहेको छु ।” कृषि पेसाबाटै आत्मनिर्भर बनेका इन्द्रप्रसाद र उनकी श्रीमतीले सञ्चालन गरेको इन्द्रदेवी कृषि फार्मले पाँच जनालाई आंशिक रोजगारी दिएको छ । कृषि फार्मबाट भएको आम्दानीले घरव्यवहार चलाउने र छोरीलाई काठमाडौंमा विज्ञान विषयमा स्नातक तह अध्यापन गराएका छन् । तरकारी बेचेर भएको आम्दानी उनले आँखाको उपचारमा खर्चिए पनि सफल भएको छैनन् । इन्द्रप्रसादका अनुसार आँखाको समस्या नै पहिचान नहुँदा ठुला अस्पताल र नेत्ररोग विशेषज्ञहरूकहाँ पुगे पनि उपचार सफल नभएको हो । इन्द्रप्रसादलाई कामदार खोज्न भौंतारिनु पर्दैन । कामदार काम खोज्दै घरमै आउँछन् । घरवरपरको २० रोपनी पाखोबारीमा सुन्तला बगैँचा छ । हुर्कँदै गरेका सुन्तला बगैँचाभित्रको जमिनलाई सदुपयोग गरेर बन्दा, काउली र अदुवाखेती गरेका छन् । नजिकै ३० रोपनीमा व्यावसायिक आलुखेती गरेका छन् । गत वर्ष रु चार लाख मूल्य बराबरको ८० क्विन्टल आलु बिक्री भएको इन्द्रप्रसादले बताए । मौसमी र बेमौसमी तरकारीबाट थप आम्दानी हुन्छ । भैंसी र बाखा पनि पालेका छन् । गाउँमै कच्ची सडक पुगेको हुँदा उत्पादन भएको तरकारी बजार पुर्याउन समस्या छैन । फोनमार्फत माग सङ्कलन गरेर बेनी, कुश्मा र बागलुङका व्यापारीलाई तरकारी पठाउँछन् । व्यापारीले खातामै पैसा पठाउँछन् । शारीरिक रूपमा अशक्त भए पनि हिम्मत नहार्ने हो भने सफलता हात पार्न सकिने सन्देश इन्द्रप्रसादले दिएको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताए । “आँट र साहस हुने तथा परिवारका सदस्यले साथ दिने हो भने व्यवसाय र उद्यम गर्न शारीरिक अशक्तता बाधक बन्दैन भन्ने उदाहरण इन्द्रप्रसाद हुन्”, उनले भने, “गाउँपालिकाले उहाँलाई खेतीका लागि प्राविधिक र आर्थिक सहयोग गरेको छ ।” पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाले सुन्तला खेतीका लागि बिरुवा खरिद, खाडल खन्न, उपकरण खरिद र पोखरी निर्माण गर्न ५० प्रतिशत अनुदान सहयोग गरेको उपाध्यक्ष आचार्यले बताए ।

*-रासस*

## सिँचाइ अभावमा सुक्न थाले ड्रयागनका बोट



बाजुरामा ड्रयागन खेती सिँचाइको अभावमा परेका छन् । पछिल्लो समय बाजुरामा ड्रयागन खेती राम्रो हुँदै गए पनि सिँचाइ अभावले बोटहरू सुक्ने समस्या परेका छन् । एकपटक बिरूवा लगाएपछि समय-समयमा सामान्य गोडमेल र सिँचाइबाहेक अन्य गोडमेल गर्नु नपर्ने र रोपेको दुई बर्षदेखि लगातार लामो समयसम्म फल दिने ड्रयागन खेतीका लागी उपयुक्त सिँचाई सुविधा नहुँदा बाजुराका ड्रयागन कृषक समस्या परेका छन् । ड्रयागन खेती राम्रो फल्ने गरेको भए पनि सिँचाई सुविधाको अभावले समस्या हुने गरेको हिमालीका ड्रयागन कृषक बिष्णुराज पाण्डेले बताए । भनेको समयमा ड्रयागन खेतीले पानी नपाउँदा बोट विरुवा हुर्कन तथा फल समस्या हुने गरेको कृषक पाण्डेको भनाइ छ । उनका अनुसार आफूले करिब चार रोपनी खेतीमा आठ सय बोट लगाएको ड्रयागन खेती राम्रो फल्ने तर सिँचाइको अभावमा सोचेजस्तो नहुने बताए । सिँचाइ र बजारिकरणको सुविधा भएको खण्डमा राम्रो आम्दानी गर्न सकिने कृषक पाण्डेको भनाइ छ । पाण्डेले हिमाली गाउँपालिका वडा नं ६ धुलाचौरस्थित डाँरियामा ड्रयागन खेती गर्दै आएका हुन् । उनले हिमाली बहुउद्देश्यीय कृषि फर्ममार्फत कृषि ज्ञान केन्द्र बाजुराको सहकार्यमा ड्रयागन खेती शुरू गरेका हुन् । कृषक पाण्डेले चार लाख ७० हजारको अनुदान रकम र बाँकी चार लाख आफ्नो लगानीमा खेती गरिरहेका छन् । ज्ञान केन्द्र बाजुराको ५० प्रतिशत अनुदान रकमले चितवनबाट ड्रयागन फलफूल बिरुवा ढुवानी र खरिद गरेर उनले खेती शुरू गरेका हुन् । जिल्लाको स्वामिकार्तिक खापर गाउँपालिका वडा नं ३ जुकोटमा पनि ड्रयागन खेती गरिएको छ । उक्त खेती पनि सिँचाइ असुविधाका कारण समस्यामा पर्ने गरेको छ । अन्तिमजङ्ग शाहीले पालिकाको वडा नं ४ खोलीकुनामा आफ्नै नमूना कृषि फर्म सञ्चालन गरी ड्रयागन खेती गरेका छन् । पछिल्लो समय जिल्लाको बुढीगङ्गा नगरपालिकामा पनि ड्रयागन खेती गर्न थालिएको छ । ड्रयागन खेतीबाट राम्रो उत्पादन हुने भए पनि पानीको असुविधाका कारण कृषकलाई बोट जोगाउन मुस्किल हुने गरेको छ । ड्रयागन फलको तौल दुई ग्रामदेखि १ दशमलव २ केजीसम्मको हुने गरेको छ । यसको खेती खासगरी थाइल्याण्ड, चाइना, भियतनाम, इन्डोनेसिया, ताइवान, जापान, कोरिया तथा दक्षिण अमेरिकी मुलुक (कोलम्विया, मेक्सिको, ब्राजिल, अर्जेटिना) आदिमा गर्ने गरिन्छ भने अहिले यो खेती नेपालमा समेत गर्न थालिएको छ । यस फलमा १२ प्रकारका मिनिरल्स तथा भिटामिन पाइने, र क्यान्सरविरुद्ध प्रतिरोधात्मक गुणका साथै जस्तोसुकै माटोमा पनि यो खेती हुने गरेको छ । यस फलको जातमा रातो बोक्रा, पहेँलो बोक्रा र सेतो रङ हुने गरेको छ । ड्रागन फल गर्मी र सुक्खा हावापानीमा हुने सिउँडी प्रजातिको फलफूल हो ।

*-हाम्रा कुरा डटकम*

# तानसेन -६ मा जेष्ठ नागरिक संघ गठन



**पाल्पा,** कात्तिक १५/जिल्लाको तानसेन नगरपालिका -६ मा जेष्ठ नागरिक संघ गठन भएको छ । संघको प्रथम भेलाले वडामा संघ गठन गरेको हो । जसको सभापतिमा उमानाथ न्यौपाने, उपसभापतिमा हरिमाया कार्की, सचिवमा कृष्ण चालिसे, कोषाध्यक्षमा मिलन कुमार शाक्य सर्वसम्मत रुपमा चयन भएका छन् ।

संघको सदस्यहरुमा सर्वेन्द्रमान बज्राचार्य, हरिप्रसाद गैरे, होमनाथ तिवारी, टिकाबहादुर विक, लक्ष्मण घिमिरे, भिमकुमारी शाक्य, भरत गन्धर्व, मोतिलाल पराजुली र किरण चित्रकार रहेका छन् । भेलाको जेष्ठ नागरिक संघ पाल्पाका सभापति देवराज ढकालले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका ढकालले २०६९ सालमा स्थापना भएको संघले जिल्लामा जेष्ठ नागरिकहरुको हकहित र अधिकारका विषयमा सक्रिय भएर काम गर्दै आएको बताए । उनले संघलाई थप बलियो र सबै जेष्ठ नागरिकलाई समाहित गर्ने उद्देश्यले जिल्लाका १० वटै स्थानीय तहमा वडा तहबाट समिति गठन गर्ने कार्यलाई तिव्रता दिएको उल्लेख गरे । सभापति ढकालले हालसम्म रामपुर नगरपालिकाका सबै वडा र तानसेनका केही वडाहरुमा संघ गठन भइसकेको भन्दै छिट्टै नै सबै पालिका र वडा तहमा संघ गठन हुने बताए । उनले भने "उमेर ढल्कदै जाँदा जेष्ठ नागरिक सबैबाट अपहेलित हुँदै जाने गरेका छन् । उनीहरुलाई समाजमा सम्मानजनक रुपमा बाँच्ने वातावरण बनाउन हामी लागि परेका छौं । अब सबै वडा वडामा संघ गठन गरेर जेष्ठ नागरिकलाई एकत्रित गर्ने छौं ।" तानसेन - ६ का वडा अध्यक्ष सागरमान महर्जनले सरकारलले गर्नु पर्ने काम संघले गर्दै आएकोमा खुसी व्यक्त गरे । उनले संघले वडा कार्यालयसँग समन्वय गरेर समिति गठन गरेकोमा धन्यवाद दिर्दै भोलीका दिनमा वडाबाट आवश्यक सहयोग गर्ने र संघसँग सहकार्य गरेर अगाडि बढ्ने बताए । संघको वडा सभापतिमा चयन भएसँगै न्यौपानेले समय ढल्दै गए पछि जेष्ठ नागरिकहरुले भोग्दै आएको पीडालाई कम गरी मानविय जीवन व्यतित गर्नेतर्फ वडा कार्यसमिति सक्रिय भएर लाग्ने प्रतिवद्धता जनाए । वडा अध्यक्ष महर्जनको अध्यक्षता, संघका जिल्ला सदस्य जुद्धबहादुर थापाको स्वागत, वडा सचिव विशाल ओलीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# हरिबोधिनी एकादशीमा रेसुङ्गामा पूजा गर्नेको घुइँचो



**गुल्मी,** कार्तिक १५/हरिबोधिनी एकादशीको अवसरमा गुल्मीको धार्मिक क्षेत्र रेसुङ्गामा विशेष मेला एवं पूजा गर्ने भिड लागेको छ । हरिबोधिनी एकादशीको दिन धार्मिक स्थल रेसुङ्गामा ठुलो मेला लाग्नुका साथै स्नान र पुजाआजा गर्ने श्रद्धालु भक्तजनहरुको घुइँचो लाग्ने गर्दछ ।

रेसुङ्गाको पोखरीमा नुहाउनाले भुल गरेर गरेका पाप नष्ट हुने धार्मिक मान्यता अनुसार पोखरीमा नुहाउन गुल्मी लगायत छिमेकी जिल्लाहरु बाट पनि श्रदालु भक्तजन आउने गर्दछन् । धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्र रेसुङ्गामा शनिबार बिहानैदेखि गुल्मी लगायत विभिन्न स्थानबाट आएका श्रद्धालु भक्तजनले पूजा गर्नुका साथै मेला अवलोकन गरेका थिए । सदरमुकाम तम्घासदेखि अग्लो शिरमा पर्ने रेसुङ्गामा विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि विशेष मेलामा भिड बढेको रेसुङ्गा संरक्षण समितिले जनाएको छ । रेसुङ्गा क्षेत्रमा शुद्ध मनले पूजा-पाठ गरेमा मनोकांक्षा पूरा हुने धार्मिक मान्यता रहिआएको छ । त्रेतायुगमा ऋष्यशृङ्गले रेसुङ्गा क्षेत्रमा तपस्या गरेका थिए भन्ने उल्लेख वेद-पुराणहरूमा पाइन्छ । अयोध्याका राजा दशरथलाई सन्तान नहुँदा ऋष्यशृङ्गलाई अयोध्या बोलाई पुत्रेष्टि महायज्ञ सम्पन्न गराइएको थियो । सो यज्ञको प्रभावले दशरथका चार छोरा राम, लक्ष्मण, भरत र शत्रुघ्न जन्मिएका थिए भन्ने धार्मिक कथा पुराणहरूमा उल्लेख छ । यही कारणले रेसुङ्गा धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण स्थल मानिन्छ । रेसुङ्गा क्षेत्रको उच्च भूभागबाट धवलागिरिदेखि मनास्लुसम्मका हिमशृङ्खलाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । यो क्षेत्र विद्यार्थीहरूका लागि शैक्षिक भ्रमण, होमस्टे र ग्रामीण पर्यटनका दृष्टिले पनि उपयुक्त मानिन्छ । यस मन्दिरमा दैनिकी रूपमा पूजा-अर्चना हुने गर्छ भने साउन महिनाभर मेला लाग्ने गर्दछ । साथै औंसी, ठूला एकादशी लगायत पर्वहरूमा ठूलो मेला लाग्ने परम्परा रहिआएको छ । यस क्षेत्रभित्र हाल पूर्वाधार विकाससँगै प्राचीन, ऐतिहासिक, धार्मिक, सामाजिक तथा पुरातातित्वक महत्वका स्थलहरूको संरक्षण, सम्बर्द्धन र प्रचार-प्रसारका कार्यहरू भइरहेका छन् । पर्यटन प्रवर्द्धनका उद्देश्यले रेसुङ्गा नगरपालिकाले 'जाउँ हिँड रेसुङ्गा' अभियान सञ्चालन गरेको छ । यस अभियानबाट रेसुङ्गा क्षेत्रमा लाखौं पर्यटक भित्र्याउने लक्ष्य नगरपालिकाले लिएको छ ।

## खेलकुद समाचार

# उत्कृष्ट ३ खेलाडीलाई पल्सर एन १६०



**काठमाडौं,** कात्तिक १५/नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो संस्करणका लागि गोल्छा ग्रुपको पल्सर बाइक 'टु ह्विलर पार्टनर' बनेको छ । काठमाण्डौमा आयोजित एक कार्यक्रममा गोल्छा ग्रुप र नेपाल क्रिकेट सै (क्यान) बीच सम्झौता भएको हो । गोल्छा ग्रुपका निर्देशक अभिमन्यु गोल्छा र क्यानका सचिव पारस खड्काले सम्झौतापत्रमा हस्ताक्षर गरे । एनपीएलका उत्कृष्ट तीन खेलाडीलाई गोल्छा ग्रुपले पल्सर मोटरसाइकल (एन१६०) पुरस्कार स्वरूप प्रदान गर्ने सम्झौतापत्रमा उल्लेख छ । सर्वाधिक रन बनाउने ब्याटर, सर्वाधिक विकेट लिने बलर र उत्कृष्ट उदीयमान (इमर्जिङ) खेलाडीले मोटरसाइकल प्राप्त गर्नेछन् । गोल्छा ग्रुपका निर्देशक अभिमन्यु गोल्छाले सम्झौतापत्रमा हस्ताक्षर गर्दै भने, 'पल्सर मोटरसाइकल सधैं खेलकुद र युवा ऊर्जासँग जोडिएको ब्रान्ड हो, एनपीएलमार्फत नेपाली क्रिकेटलाई थप ऊर्जा र प्रेरणा मिल्ने विश्वास छ ।' क्यानका सचिव पारस खड्काले पल्सरसँग सहकार्य गर्नु नेपाली क्रिकेटका लागि सकारात्मक कदम भएको बताए । उनले एनपीएलको दोस्रो संस्करणको तयारी अन्तिम चरणमा पुगेको भन्दै केही दिनभित्रै पत्रकार सम्मेलन गरी सम्पूर्ण जानकारी सार्वजनिक गर्ने उल्लेख गरे । नेपाल प्रिमियर लिगको दोस्रो संस्करण आउँदो मङ्सिर १ गतेदेखि सञ्चालन हुनेछ ।


**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# डिजेल र मट्टितेलको मूल्य घट्यो



**पाल्पा,** कात्तिक १५/नेपाल आयल निगमले डिजेल/मट्टितेलको मूल्य घटाएको छ । इन्डियन आयल कर्पोरेसनबाट शुक्रबार प्राप्त नयाँ मूल्यअनुसार शुक्रबार राति १२ बजेदेखि लागू हुने गरी डिजेल/मट्टितेलको मूल्य प्रतिलिटर एक रुपैयाँ घटाएको हो ।

निगम सञ्चालक समितिले हवाई इन्धन आन्तरिकतर्फ लिटरमा एक र अन्तर्राष्ट्रियतर्फ काठमाडौंका लागि प्रतिकिलोलिटर अमेरिकी डलर ७ ले बढाउने निर्णय गरेको छ । यस्तै हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ पोखरा र भैरहवाका लागि ब्रेकइभन पोइन्ट बिक्री मूल्य कायम गरिएको छ । साथै पेट्रोल बिक्री मूल्य यथावत राखिएको निमगले शुक्रबार जारी विज्ञप्तिमा उल्लेख छ । निगमनले यसपाली इण्डियन आयल कर्पोरेशनबाट पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा रु ० दशमलव ०३ र हवाई इन्धनमा प्रतिलिटर रु ० दमलव ८६ ले बढेर तथा प्रतिलिटर डिजेलमा रु १ दशमलव १९ ले घटेर आएकाले मूल्य समायोजन गरिएको जनाएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई